**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १० नोभेम्बर २०२३

समयः १८:५० – १६:०० बजे

**प्रमुख समाचार**

१. राज्यको मुख्यमंत्री ममता बनर्जी भोलि सोमवार दार्जीलिंगको दुइ दिवसीय भ्रमणमा आउनुहुनेछ।

२. प्रधानमंत्री नरेन्द्र मोदीले आज विशेष अभियानको चौथो संस्करणको सराहना गर्नुहुँदै सामूहिक प्रयासद्वारा ठोस परिणाम प्राप्त गर्न सकिने बताउनु भएको छ।

३. राष्ट्रीय मानवाधिकार आयोगले भोलि ११ नोभेम्बर देखि नयाँ दिल्लीमा छह दिवसीय भारतीय तकनीकी अनि आर्थिक सहयोग कार्यकारी क्षमता निर्माण कार्यक्रम शुरू गर्नेछ।

४. नेपालको त्रिभुवन अन्तर्राष्ट्रिय हवाई अड्डा लगभग पाँच महिनाको लागि दैनिक रुपमा १० घण्टा बन्द हुनेछ।

५. विश्वकै सुन्दर अनि साहसिक दौडको रुपमा परिचित अन्तर्राष्ट्रिय हिमालयन रन एण्ड ट्रेक प्रतियोगिताको एक सय माइलको स्टेज रेस आजदेखि मानेभञ्ज्याङबाट शुरु भएको छ।

**मुख्यमंत्री-दार्जीलिङ**

राज्यको मुख्यमंत्री ममता बनर्जी भोलि सोमवार दार्जिलिंगको दुइ दिवसीय भ्रमणमा आउनुहुनेछ। यस यात्राको अवधि मुख्यमंत्रीले प्रशासनिक बैठक बाहेक दार्जिलिंगको चौरास्तामा सरस मेलाको उद्घाटन पनि गर्नुहुनेछ। सचिवालयको एक अधिकारी अनुसार भोलि सोमवार बेलुकी मुख्यमंत्री दार्जिलिंग आइपुग्नुहुनेछ अनि मंगलवार अपराहन्न ३ बजेर ३० मिनटमा गोरखा क्षेत्रीय प्रशासन (जीटीए) सित प्रशासनिक बैठक गर्नुहनेछ। यस पछि आगामी बुधवार अपराहन्न तीन बजे दार्जिलिंगमा मुख्य मंत्रीले सरस मेलाको उद्घाटन गर्नुहुने कार्यक्रम रहेको छ। मुख्यमंत्री आगामी बिहीवार सिलगड़ी फर्कनुहुनेछ भने शुक्रवारको दिन एक अन्य कार्यक्रममा शामेल हुनका लागि कोलकाता पुग्नुहुनेछ। मुख्यमंत्रीको यस अवधि कुनै घोषित राजनैतिक कार्यक्रम छैन। अधिकारिक सुत्र अनुसार मुख्यमंत्री केवल प्रशासनिक बैठक अनि सरस मेलाको उद्घाटनको उद्देश्यले दार्जीलिंग आउनुहुनेछ। उल्लेखनीय छ यस वर्ष मुख्यमंत्रीको प्रयासहरुद्वारा पहिलो पटक दार्जिलिंगमा सरस मेलाको आयोजन भइरहेको छ। राज्यको पंचायत विभागले यस मेलाको आयोजन गरिरहेको छ। साधारणतः यो मेला कोलकाताको न्यू टाउनमा हुँदछ अनि उत्तर बंगालका मानिसहरुका लागि यो मेला सिलगड़ीमा पनि आयोजित गरिन्छ तर यस पटक यो मेला दार्जिलिंग शहरमा आयोजित गरिन्दैछ। आगामी शुक्रवार बिरसा मुंडाको १ सय ५० औ जयंती मनाउनका लागि राजारहाटमा एउटा समारोह आयोजित गरिनेछ। मुख्यमंत्री यस अवसरमा आदिवासी भवनमा आयोजित बिरसा मुंडा दिवसको समारोहमा पनि शामेल हुनेछन्। यस वर्ष राज्य सरकारले १५ देखि २१ नवंब सम्म सबै जिल्लाहरुमा बिरसा मुंडाको १ सय ५० औ जयंती मनाउने निर्णय लिएको छ।

****** ० ******

**पी.एम विशेष अभियान**

प्रधानमन्त्रील नरेन्द्र मोदीले आज विशेष अभियानको चौथो संस्करणको सराहना गर्नुभयो। विशेष अभियानको फलस्वरूप सरकारी खजानाको वर्ष २०२१ पछि मैला बेच्नाले दुइ हजार तीन सय चौसठ करोड़ रुपियाँको राजस्व समेत महत्वपूर्ण उपलब्धीहरू प्राप्त भएको छ। श्री मोदीले एक पोस्टमा भन्नुभयो– अभियानको सफलता दर्शाउदै सामूहिक प्रयासहरूको ठोस परिणाम प्राप्त गर्न सकिन्छ र स्वच्छता तथा आर्थिक लाभलाई प्रोत्साहन दिन सकिन्छ। उहाँले भन्नुभयो– कुशल प्रबन्धन र सक्रिय प्रयासहरूको राम्रो परिणाम प्राप्त भएको छ।

****** ० ******

**मानवाधिकार-विदेश मंत्रालय**

राष्ट्रीय मानवाधिकार आयोगले भोलि ११ नोभेम्बर देखि नयाँ दिल्लीमा विदेश मंत्रालयको सहयोगद्वारा छह दिवसीय **भारतीय तकनीकी अनि आर्थिक सहयोग कार्यकारी क्षमता निर्माण कार्यक्रम** शुरू गर्नेछ। यो आयोजन आगामी सोलह नवम्बर सम्म चल्नेछ। यस कार्यक्रममा मालदीव नेपाल श्रीलंका अनि थाइलैंड समेत आठ देशका राष्ट्रीय मानवाधिकार संस्थानहरुका वरिष्ठ अधिकारीहरुले भाग लिनेछन्। आयोगले बताए अनुसार यस कार्यक्रम को उद्देश्य विभिन्न क्षेत्रमा

मानवाधिकारलाई प्रोत्साहन संरक्षण अनि सशक्तता प्रदान गर्न हो। आयोगले बताए अनुसार कार्यक्रममा मानवाधिकारको संरक्षण अनि प्रोत्साहनद्वारा संबंधित विचार अनुभव अनि अभ्यासहरुलाई साझा गर्ने अवसर प्राप्त हुनेछ।

****** ० ******

**सुरेंद्रनाथ बनर्जी**

ब्रिटिश कालमा जेल जानुहुने पहिलो भारतीय पत्रकार सुरेंद्रनाथ बनर्जीको १ सय ७६ औ जयंती आज राज्य भरी मनाइयो। सुरेंद्रनाथ बनर्जीको आजको दिन नै बैरकपुरमा निधन भएको थियो। यस अवसरमा पश्चिम बंगाल विधानसभामा पनि उहाँलाई श्रद्धांजलि अर्पित गरियो। सदनका अध्यक्ष बिमान बनर्जीले सुरेन्द्रनाथ ब्यानर्जीको चित्रमा माल्यार्पण गर्नुभयो भने विधानसभा सचिव सुकुमार रॉय मार्शल देवब्रत भट्टाचार्य बाहेक विधानसभा सचिवालयका कर्मचारी वर्गले पनि उहाँको चित्रमा पुष्पांजलि अर्पित

****** ० ******

**कलकता मेट्रो**

कोलकता मेट्रो ग्रीन लाइन २ अर्थात सियालदहदेखि एस्प्लानेड सेक्शनमा मरम्मती कामको कारण सोमबारदेखि सेवाहरूमा सामान्य परिवर्तन गरिएको छ। मेट्रो प्रबन्धन अनुसार सोमबारदेखि हावड़ा मैदानदेखि पश्चिम दिशाको सुरंगबाट एस्प्लानेडसम्म मेट्रो चल्नेछैन। यद्यपि ती सुरंगबाट भएर चल्ने मेट्रो सीधै हावड़ा मैदानबाट हमाकरण स्टेशनसम्म जानेछ। पूर्वपट्टिको सुरंगबाट हावड़ा मैदानदेखि एस्प्लानेडसम्म मेट्रो चलाइनेछ। मेट्रो बिहान ६ बजेर ५५ मिनटदेखि राती १० बजीसम्म उपलब्ध रहनेछ।

****** ० ******

**नेपाल-हवाई अड्डा**

नेपालको त्रिभुवन अन्तर्राष्ट्रिय हवाई अड्डा लगभग पाँच महिनाको लागि दैनिक रुपमा १० घण्टा बन्द हुनेछ। नेपाल नागरिक उड्डयन प्राधिकरणले हवाई अड्डा को विस्तार तथा हवाई अड्डा मा निर्माण कार्य गरिने क्रममा उडानहरुका सुरक्षाको लागि हवाई अड्डा बन्द गर्ने निर्देश दिएको छ। हवाई अड्डालाई उन्नत बनाइने अवधि उड़ानहरु राती १० बजे देखी बिहान ८ बजे सम्म रद्द गरिनेछ भने यस अघि उड़ानहरु बिहान ६ बजे देखि राती २ बजे सम्म सञ्चालन गरिन्थ्यो।

****** ० ******

**अन्तर्राष्ट्रिय हिमालयन रन एण्ड ट्रेक प्रतियोगिता**

विश्वकै सुन्दर अनि साहसिक दौडको रुपमा परिचित अन्तर्राष्ट्रिय हिमालयन रन एण्ड ट्रेक प्रतियोगिताको एक सय माइलको स्टेज रेस आजदेखि मानेभञ्ज्याङबाट शुरु भएको छ। दौडको उद्घाटन एसएसबीका डिआईजी बलवान सिंह गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन पर्यटन विभागका सह-निर्देशक सुरज प्रधान र रेस निर्देशक सीएस पाण्डेले संयुक्त रूपमा गर्नुभयो। रमाइलो मौसममा शुरु भएको प्रतियोगितामा भारतसहित सात देशका धावकहरुले सहभागीता जनाएका छन्। पहिलो दिन मौसम निकै रमाइलो रहेको कारण धावकहरुले विश्वको सर्वोच्च शिखर माउन्ट एभरेष्ट (सगरमाथा) र अन्यपाँच सर्वोच्च पर्वतहरुको अवलोकन गर्ने अवसर पाएको रेस निर्देशक पाण्डेले बताउनु भएको छ। यो दौडले एक सय ६० किलोमिटरको दुरी तय गर्नेछ। सिहलिला राष्ट्रिय निकुञ्जको संस्कृति, कला, पर्यावरण र प्राकृतिक विविधताको संरक्षण र प्रबर्द्धन गर्ने मुख्य उद्देश्यका साथ आयोजित यस दौडमा धावकहरुले प्लाष्टिक पोलिथिन फोहोर पनि संकलन गर्ने गर्दछ। स्मरण गराइन्छ, यो रेस को शुरूवात सन् १९९१ साल देखि भएको थियो जसले यस बर्ष ३३ बर्ष पूरा गर्दैछ।

****** ० ******

**साहित्यकार सुदर्शन प्रधान अम्बटे**

साहित्यकार सुदर्शन प्रधान अम्बटेको दशौं कृति छासमिस-मासमिस खरसाङको एक कार्यक्रमबीच लोकार्पण गरिएको छ। भारतीय नेपाली साहित्यमा लगातार रूपमा हाँस्य ब्यंग्य र बाल साहित्यमा कलम चलाउँदै आउनु भएको सुदर्शन प्रधान अम्बटेको दशौं विविध लेखहरूको संकलन छासमिस-मासमिस खरसाङको गोर्खा जनपुस्ताकालयको पारसमणि प्रधान प्रेक्षागृहमा सम्पन्न भएको छायस लोकार्पण कार्यक्रमको अध्यक्षता साहित्य अकादमी नेपाली भाषा परामर्श समितिको सदस्या

आशा मुखिया लामाले गर्नुभएको थियो भने प्रमुख अतिथिको रुपमा देविका खवास उपस्थित हुनुन्थ्यो। कार्यक्रमलाई सम्बोधन गर्दै रचनाकार सुदर्शन प्रधान अम्बटेले उपस्थित सबैलाई धन्यवाद दिनुभएको छ।

****** ० ******

**एनएचपीसीको स्वर्ण जयन्ती**

एनएचपीसीको स्वर्ण जयन्ती पुगेको अवसरमा आज टिस्टा जलविद्युत् परियोजना चरण तीन अनि चारलाई लिएर कालीझोडामा भब्यताको साथ स्वर्ण जयन्ती पालन गरियो। आजको कार्यक्रमका प्रमुख अतिथि भूपू ईडी सुबास रोयलाई एनएचपीसी चरण तीन अनि चारका एचओपी पी.के रायले स्मृति चिन्ह प्रदान गर्दै सम्मान गरिएको थियो।आजको कार्यक्रममा रम्बी केन्द्रिय विधालयएमङपू शारदा विधालयएबाख्राकोट विधालय अनि स्थानीय संघ संस्थाका नानीहरु सुन्दर गीत नृत्य आदि प्रस्तुत गरे। यसरी आजको स्थापना दिवास अनि स्वर्ण जयन्ती समारोहमा एनएचपीसी जलविद्युत् परियोजना चरण तीन अनि चारका अधिकारीए कर्मचारी अनि सम्पूर्ण श्रमिकहरु उपस्थित थिए।

****** ० ******

**गवर्नर्स गोल्ड कप**

सिक्किम फूटबल एसोसिएशन (एसएफए)-को आयोजनमा जारी प्रतिष्ठित गवर्नर्स गोल्ड कप फूटबल टुर्नामेण्टको ४० औं संस्करणमा हिज शनिवार गान्तोक हिमालयन स्पोर्टिंग क्लबले जीत दर्ता गरेको छ। गान्तोकको पाल्जोर स्टेडियममा हिज खेलिएको म्याचमा गान्तोक हिमालयन स्पोर्टिंग क्लबले गोर्खालैण्ड क्षेत्रीय प्रशासन (जीटीए) इलेवेनलाई १ को विरुद्ध ३ गोलले पराजित गरेको छ।

****** ० ******

**अभिजीत उरांव**

अलिपुरद्वार जिल्लाका लोकनाथपुर हाई स्कूलका १० औ कक्षाको छात्र अभिजीत उरांवलाई राष्ट्रीय स्तरको फुटबॉल टीममा शामेल हुने अवसर प्राप्त भएको छ। गरीब आदिवासी परिवारको छोरो अभिजीत अब अंडर-१७ टीममा बंगालको लागि खेल्नेछन्।

****** ० ******

************